# आबुँखैरेनी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६ संख्याः ४ मितिः २०७९/०४/१६**

## भाग-१

आँबुखैरेनी गाउँपालिका

# आँबुखैरेनी वाङ्मय परिषद् ऐन, २०७९

<u>प्रमाणीकरण मिति</u>
२०७९/०३/२९

**प्रस्तावनाः**
आँबुखैरेनी गाउँपालिका एउटा बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक गाउँपालिका भएकोले आँबुखैरेनी गाउँपालिकाका सबै भाषा, साहित्य, संस्कृति, कला, गीतसङ्गीतलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नु पर्ने कुरालाई आत्मसात् गर्दै भाषा, साहित्य, संस्कृति, कला, गीतसङ्गीत, दर्शन तथा सामाज शास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा प्रगतिशील, नवीन चेतोन्मुख र समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाङ्मय परिषद् सम्बन्धी कानुनी व्यवस्था वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा १ सँग सम्बन्धित अनुसूची-८ को बुँदा नं. २२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ दफा-११ उपदफा-२ (फ) १ र ५ बमोजिम गाउँपालिकाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आँबुखैरेनी वाङ्मय परिषद ऐन, २०७९" रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "वाङ्मय परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको आँबुखैरेनी वाङ्मय परिषद् सम्झनु पर्छ।

(ख) "सभा" भन्नाले दफा ७ बमोजिमको परिषद् सभा सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ६ को उपदफा (२) बमोजिमको आँबुखैरेनी वाङ्मय परिषद् सम्झनु पर्छ।

(घ) "अध्यक्ष" भन्नाले वाङ्मय परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ब) "उपाध्यक्ष" भन्नाले वाङ्मय परिषदको उपाध्यक्ष सम्झनु पर्छ।

(च) "सचिव" भन्नाले वाङ्मय परिषद्को सचिव सम्झनु पर्छ।

(छ) "पदाधिकारी" भन्नाले परिषदको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षलाई सम्झनु पर्छ।

(ज) 'गाउँपालिका' भन्नाले आँबुखैरेनी गाउँपालिका सम्झनु पर्छ।

(झ) 'कार्यपालिका' भन्नाले आँबुखैरेनी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनुपर्छ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, निर्दशिका, कार्यविधि र मापडण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## वाङ्मय परिषद्को स्थापना तथा काम, कर्तव्य र अधिकार

### ३. वाङ्मय परिषद्को स्थापनाः

(१) आँबुखैरेनी गाउँपालिकाका सबै भाषा, साहित्य, संस्कृति, कला, गीतसङ्गीत तथा दर्शनको संरक्षण, सम्वर्द्धन र विकास गर्ने काम समेतको लागि आँबुखैरेनी वाङ्मय परिषद् नामको एक परिषद स्थापना गरिने छ।

(२) वाङ्मय परिषद्को कार्यालय आँबुखैरेनी गाउँपालिकामा रहनेछ र आवश्यकता अनुसार आँबुखैरेनी गाउँपालिकाभित्रका सबै वडाहरुमा शाखा खोल्न सक्नेछ।

### ४. वाङ्मय परिषद्को काम, कर्तव्य र अधिकार :

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त वाङ्मय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(१) वाङ्मय परिषद्को नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(२) आँबुखैरेनी गाउँपालिकाका सबै भाषा, साहित्य, संस्कृति, दर्शन, कला, गीतसङ्गीत तथा समाज शास्त्र सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गरी उपयोगी ग्रन्थ एवं कृति तयार गर्ने, गराउने,

(३) आँबुखैरेनी गाउँपालिकाका सबै भाषा, साहित्य, संस्कृति, दर्शन कला, गीतसङ्गीत तथा समाज शास्त्र सम्बन्धी विभिन्न विषयमा अनुसन्धानात्मक तथा मौलिक कृतिहरूको सृजना एवं प्रकाशन गर्ने, गराउने,

(४) आवश्यकता अनुसार विदेशी भाषाबाट आँबुखैरेनीका सबै भाषा र आँबुखैरेनीका भाषाबाट विदेशी भाषामा उच्च स्तरीय कृतिहरुको अनुवाद एवं प्रकाशन गर्ने, गराउने

(५) भाषा, साहित्य, संस्कृति, दर्शन, कला, गीतसङ्गीत तथा समाज शास्त्रहरूका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सम्मेलन, प्रदर्शनी आदि गर्ने, गराउने,

(६) भाषा, साहित्य, संस्कृति, दर्शन, कला, गीतसङ्गीत तथा समाज शास्त्रका विभिन्न विषयमा हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, प्रवचन, गोष्ठी, विचारविमर्श, प्रदर्शनी आदिमा सहभागी गर्ने, गराउने,

(७) भाषा, साहित्य, संस्कृति, दर्शन, कला, गीतसङ्गीत तथा समाज शास्त्रका विभिन्न क्षेत्रसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध राख्ने,
(८) भाषा, साहित्य, संस्कृति, कला, गीतसङ्गीत र दर्शनका विभिन्न विषयमा उल्लेखनीय योगदान दिने स्वदेशी तथा विदेशी व्यक्तिलाई कदर, सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने,
(९) भाषा, साहित्य, संस्कृति, दर्शन शास्त्रको विकासको निमित्त सम्बन्धित विषयका विद्वान् साहित्यकार एवं समाजशास्त्रीको प्रतिभा विकसित हुने वातावरणको लागि सहयोग, सद्भावना र समन्वय अभिवृद्धि गर्ने,
(१०) नेपालका विभिन्न जाति तथा समुदायका साहित्य, लिपि, संस्कृति तथा लोकोक्तिको सम्बर्द्धन र संरक्षण गर्ने,
(११) नेपाली लोक साहित्यको अध्ययन, अनुसन्धान, सम्बर्द्धन र संरक्षण गर्ने,
(१२) आँबुखेरेनीका सबै भाषा, विभिन्न विदेशी भाषा र नेपालमा बोलिने भाषामा विश्वकोष तथा शब्दकोश तयार गरी प्रकाशन गर्ने तथा नेपालका सबै भाषालाई सम्वृद्धि र वैभवशाली बनाउन विभिन्न शब्द तथा शब्दावलीको सृजना गरीप्रचलनमा ल्याउने,
(१३) भाषा, साहित्य संस्कृति, कला, गीतसङ्गीत र दर्शनशास्त्रका विषयमा योगदान दिने स्थानीय लेखक, साहित्यकार, समाज शास्त्री, संस्कृतिविद्, कलाकार, सङ्गीतकार तथा सम्बन्धित अन्य संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने,
(१४) आँबुखैरेनीका सबै भाषा, साहित्य, संस्कृति, दर्शनको विषयमा अध्ययन तथा अनुसन्धानको लागि विद्वत्वृत्तिको व्यवस्था गर्ने,
(१५) आँबुखैरेनीका सबै भाषा तथा साहित्यलाई विश्व साहित्य समक्ष पहिचान गराउने,
(१६) आँबुखेरेनीका विभिन्न जात जातिका लोपोन्मुख भाषा र संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्न प्राथमिकता दिने,
(१७) यो ऐनको उद्देश्य पूरा गर्न अन्य आवश्यक कार्य गर्ने गराउने ।

## परिच्छेद-३
## वाङ्मय परिषद्को सङ्गठन

**५. वाङ्मय परिषद्को सङ्गठनः** वाङ्मय परिषद्को सङ्गठन देहाय बमोजिम हुनेछ र यसको सामूहिक रूप नै वाङ्मय परिषद्को स्वरूप हुनेछ :-
(क) परिषद
(ख) सभा

**६. परिषद :**
(१) परिषद् ११ सदस्यीय हुनेछ
(२) आँबुखैरेनीका सबै भाषा, साहित्य, संस्कृति, कला, गीतसङ्गीत, दर्शन तथा साहित्यिक पत्रिकासँग सम्बन्धितविशिष्ट व्यक्तिहरुमध्येबाट समावेशीतालाई ध्यानमा राखी महिलाहरु र आँबुखैरेनी गाउँपालिकाको कर्मचारी समेतको उपयुक्त प्रतिनिधित्व हुने गरी गाउँकार्यपालिकाबाट देहाय बमोजिमको एक वाङ्मय परिषद गठन हुनेछ :-
(क) अध्यक्ष - १
(ख) उपाध्यक्ष - १
(ग) सचिव - १
(घ) सहसचिव - १
(ङ) कोषाध्यक्ष - १
(ङ) सदस्य - ६

(३) उपदफा (२) बमोजिमका वाङ्मय परिषद्का पदाधिकारीहरु र सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ । कुनै कारणले परिषद्का मनोनीत सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) परिषद्को काम, कर्तव्य र अधिकारः

परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) परिषद्को नीति निर्धारण गर्ने,
(ख) परिषद्को वार्षिक योजना तथा कार्यक्रम तयार गरी सभाबाट अनुमोदन गराउने,
(ग) परिषद्को वार्षिक बजेट तयार गर्ने,
(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,
(ङ) सभाबाट पारित भएका कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने
(च) परिषद्को कोषको व्यवस्था र सञ्चालन गर्ने,
(छ) परिषद्को नियम स्वीकृत गर्ने,
(ज) लेखा परीक्षण प्रतिवेदन अनुमोदनका लागि सभामा पेश गर्ने,
(झ) परिषद्को चल अचल सम्पत्तिको व्यवस्थापन, सञ्चालन, संरक्षण र रेखदेख गर्ने, गराउने,
(ञ) तोकिए बमोजिमका काम गर्ने

(५) परिषदको बैठक :

(१) परिषद्को बैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।
(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।
(३) परिषद्को बैठक हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।
(४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।
(५) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।
(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(७) परिषद्को बैठकको निर्णय सभाको सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) परिषद्ले प्रज्ञा प्रतिष्ठानको मानार्थ प्राज्ञ तथा आजीवन सदस्यलाई सभाको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।
(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**७. सभाः**

(१) वाङ्मय परिषद्को एक सभा रहनेछ । परिषद् सभाको संख्या बढीमा २७ रहनेछ । परिषदले सभा बोलाउनेछ ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) परिषदको अध्यक्ष | - अध्यक्ष |
| (ख) परिषदको उपाध्यक्ष | - उपाध्यक्ष |
| (ग) परिषद्का सचिव | - सचिव |
| (घ) परिषद्का सहसचिव | - सहसचिव |
| (ङ) परिषद्का कोषाध्यक्ष | - कोषाध्यक्ष |
| (च) परिषदका सदस्यहरु | - सदस्य |

(छ) सभामा भाषा, साहित्य, गीतसङ्गीत, कला र संस्कृतिसँग सम्बन्धित रहेर काम गर्ने गाउँपालिकाभित्रका व्यक्तिहरुमध्येबाट परिषदको सिफारिसमा गाउँ कार्यपालिकाबाट मनोनित १६ जना - सदस्य ।

(३) सभाको काम, कर्तव्य र अधिकारः

सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्ले गरेको निर्णयहरु अनुमोदन गर्ने,

(ख) परिषदलाई आवश्यक राय, सुझाव दिने

(ग) लेखापरीक्षणको प्रतिवेदन अनुमोदन गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने,

(ङ) परिषदको वार्षिक कार्यक्रमका क्रियाकलापहरु सम्पन्न गर्न परिषदले तोकी दिएका कार्य सम्पादन गर्ने ।

(४) सभाको बैठकः

(१) सभाको बैठक वर्षको दुई पटक बस्नेछ ।

(२) सभाको बैठक परिषद्ले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा सातदिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना परिषद्को सचिवले सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) पहिलो सभामा गणपुरक संख्या नपुगेमा दोस्रो वैठकमा ३३ प्रतिशत उपस्थित संख्यालाई गणपुरक संख्या मानिनेछ

(६) सभाको बैठकको अध्यक्षतो अध्यक्ष र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(७) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) सभाको बैठकको निर्णय सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

## परिच्छेद-४
## प्रमुख संरक्षक, संरक्षक र परिषद्का पदाधिकारी तथा कर्मचारी

**८. प्रमुख संरक्षकः**

गाउँपालिकाका अध्यक्ष परिषद्को प्रमुख संरक्षक हुनेछ ।

**९. संरक्षकः**

गाउँपालिकाका उपाध्यक्ष परिषद्को संरक्षक हुनेछ ।

**१०. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बैठकको अध्यक्षता गर्ने,

(ख) परिषद् तथा सभाले गरेको निर्णयको कार्यान्वयन गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्ने/गराउने,

(घ) परिषद्लाई अन्य स्थानीय सरकार, प्रदेश, संघसँग समन्वय गरी परिषद्को उद्देश्य अनुरुपको काम गर्ने
(ङ) स्वदेशी तथा विदेशी संघसंस्थासँग परिषद्सँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने
(च) यस ऐन तथा गाउँपालिकाबाट तोकिए बमोजिमका कार्य गर्ने ।

## ११. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

उपाध्यक्षको काम, कर्तव्य  र अधिकार देहाय बमोजिम हुनेछः-
(क) परिषद् तथा सभाले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,
(ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,
(ग) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने ।
(घ) यस ऐन, परिषद तथा सभाले तोकी दिएका अन्य कार्य गर्ने ।

## १२. सचिवको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(क) बैठक सञ्चालन गर्ने,
(ख) बैठकमा भएका निर्णयहरुलाई निर्णय पुस्तिकामा अभिलेखीकरण गर्ने,
(ग) परिषद तथा सभाको लागि सदस्यहरुलाई आवश्यक सूचना प्रवाह गर्ने

## १३. पद रिक्त हुने अवस्थाः

देहायका अवस्थामा परिषद र सभाका पदाधिकारी र सदस्यको पद रिक्त भएको मानिनेछ :-
(क) निजको पदावधि समाप्त भएमा,
(ख) निजले राजीनामा दिएमा,
(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,
(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,
(ङ) निज दफा २० बमोजिम पदबाट हटेमा, वा
(च) निजको मृत्यु भएमा ।

## १४. पदबाट हटाउन सक्नेः

(१) परिषद र सभाका पदाधिकारी वा सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले गाउँपालिका अध्यक्ष समक्ष लिखित निवेदन दिएमा अध्यक्षबाट सभाका सदस्यहरुमध्येबाट एक छानबिन समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ र गाउँपालिका अध्यक्षले सो प्रतिवेदनका आधारमा त्यस्तो पदाधिकारी वा सदस्यलाई यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भन्ने महसुस भएमा गाउँपालिका अध्यक्षले त्यस्तो पदाधिकारी वा सदस्यलाई निजको पदबाट हटाउनेछ ।

(३)उपदफा (१) र (२) बमोजिम पदाधिकारी वा सदस्यलाई पदबाट हटाउनुअघि सफाइको मनासिब मौका दिनु पर्नेछ ।

**१५. कर्मचारीः**

(१) परिषद्मा आवश्यक संख्यामा कर्मचारीहरु गाउँपालिकाले व्यवस्था गरे बमोजिम रहनेछन् ।
(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू गाउँपालिकाले तोके बमोजिम हुनेछन् ।

## परिच्छेद-५
## कोष तथा लेखापरीक्षण

**१६. परिषद्को कोषः**
वाङ्मय परिषदको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।
(१) कोषमा देहायका रकमहरू रहने छन्ः-
(क) गाउँपालिकाबाट प्राप्त रकम,
(ख) नेपाल सरकारबाट प्राप्त रकम,
(ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ङ) परिषद्ले कुनै सेवा उपलब्ध गराए वापत प्राप्त रकम,
(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि परिषद्ले गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।
(३) कोषको रकम गाउँपालिकाले तोकेको बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।
(४) परिषद्को कोष र खाताको सञ्चालन परिषद्ले तोकिए बमोजिम हुनेछ ।
(६) परिषद्को सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

**१७. लेखा :**
(१) परिषद्को आय व्ययको लेखा गाउँपालिकाले तोके बमोजिम राखिनेछ ।

## परिच्छेद-६
## विविध

**१८. कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेः**
भाषा, साहित्य, संस्कृति, कला, गीतसङगीतको विधामा उल्लेखनीय योगदान पुर्‍याउने आँबुखैरेनी गाउँपालिकाका पत्रकार, साहित्यकार, कलाकार, सङ्गीतकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा माथि उल्लेखित विधामा विशिष्टता प्राप्त गरेका व्यक्तित्वहरुलाई परिषदले कदर, सम्मान तथा पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१९.प्रतिवेदन पेश गर्नु पर्नेः**
परिषद्ले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आँबुखैरेनी गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**२०.शपथः**
आफ्नो कार्यभार सम्हाल्नुअघि परिषदका पदाधिकारी तथा सदस्यहरुले गाउँपालिकाका अध्यक्ष समक्ष र उपाध्यक्ष, सचिव र सदस्यले अध्यक्ष समक्ष अनुसूची १ बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

**२१. अधिकार प्रत्यायोजनः**

(१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार उपसमिति बनाइ अधिकार प्रत्यायोजन गर्न सक्नेछ

**२२. प्रतीक चिन्हः**

परिषद्को प्रतीक चिन्ह परिषद्को बैठकले तोके बमोजिम हुनेछ ।

**२३. नियम बनाउने अधिकार**:

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

अनुसूची १
(दफा ३० सँग सम्बन्धित)
**शपथ**

म ............................................ नगर, प्रदेश, मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही .................... पदको कामकाज प्रचलित कानूनको अधीनमा रही, कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मिति :-

नामः-

सहीः-

**आज्ञाले**
**बिस्नुप्रसाद शर्मा**
**प्रमुख प्रशासकिय अधिकृत**